# सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति: २०७९।०८।२३**

अपिहिमाल गाउँपालिका, दार्चुला अन्तरगत सघिंय सरकार बिशेष अनुदान द्धारा हस्तान्तरति अपिहिमाल गाउँपालिकामा सञ्चालित तपशिल बमोजिमको योजनाहरुको लागि प्रचलित सार्वजनकि खरिद ऐन/नयिमावली बमोजिम खानेपानी तथा सरसफाइ योजना निर्माणमा प्रयोग हुने निर्माण सामग्रीहरु, (पाइप, फिटीङ्गस् तथा अन्य औजार) खरिद गर्नुपर्ने भएकोले दरभाउपत्र साथ संलग्न परिमाण, दरभाउपत्र साथ उपलव्ध गराइएको स्पेशीफिकेशन बमोजिमको तौल र गुणस्तरका सामानहरु निम्न शर्तहरुको अधिनमा रही सप्लाई गर्न इच्छुक मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्म वा सप्लायरवाट निम्न शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

तपशिल:

| सिलबन्दि दरभाव पत्र न. | योजनाको नाम | लागत अनुमान ढुवानी सहीत रु (मु.अ.कर बाहेक ) | दरभाव पत्र दस्तुर (पछि फिर्ता नहुने गरी) |
|---|---|---|---|
| सिलबन्दी दरभाउ पत्र न. (०१) | धङकङ कुटी खानेपानी तथा सरसफई योजना | १२०८३६५.७२ (बारह लाख आठ हजार तिन सय पैसठी मात्र) | रु.१०००।०० (एक हजार मात्र) |
| सिलबन्दी दरभाउपत्र न. (०२) | थुम्ती खानेपानी तथा सरसफई योजना | १३१२९०६.५४ (तेरह लाख बारह हजार नौ सय छ मात्र) | रु.१०००।०० (एक हजार मात्र) |
| सिलबन्दी दरभाउपत्र न. (०३) | मकरीगाड खानेपानी तथा सरसफई योजना | ९२३३२८.१६ (नौ लाख तेइस हजार तिन सय अट्ठाइस मात्र) | रु.१०००।०० (एक हजार मात्र) |
| सिलबन्दी दरभाउपत्र न. (०४) | चौबिसन गैरी खानेपानी तथा सरसफई योजना | ८५१९५६.७५ (आठ लाख एकाउन्न हजार नौ सय छपन्न मात्र) | रु.१०००।०० (एक हजार मात्र) |

शर्तहरु :

१. विभिन्न आवश्यक निर्माण सामग्री, पाइपहरु,फिटीङ्गस् तथा औजारहरु सप्लाई सम्बन्धी दरभाउपत्र फारम बापत तोकिएको दस्तुर अपिहिमाल गाउँपालिका कार्यालयको माछापुच्छे बैकं शाखा कार्यालय अपिहिमाल गाउँपालीका खण्डेश्वरि दार्चुलामा रहेको चही न. १००१५२४७५९६९२८०६२ ग-१-१ मा नगद जम्मा गरी सक्कल भौचर सहीत दरभावपत्र रसीद लिखित निवेदनको साथमा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र, अद्यावधिक कर चुक्ताको प्रमाणपत्र, निवेदन साथ संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्रौ) औं दिनको कार्यालय समय भित्र अपिहिमाल गाउँपालिकाको कार्यालय खण्डेश्वरी दार्चुला वा अपिहिमाल गाउँपालिकाको ईमेल आईडि apihimaldarchula@gmail.com वाट प्राप्त गर्न सकिने छ ।

२. खरिद गरिएको दरभाउपत्र फारामहरु रितपूर्वक भरी सूचना प्रकाशित भएको मितिले १६औं (सोह्रौं) दिनको ठिक १२:०० बजे भित्र दरभावपत्र फारम खरीद गरीएको कार्यालयमा दर्ता गराउनु पर्नेछ । साथै दरभाउ पत्र खरिद गरेको सक्कलै रसिद सहित दरभाउपत्र फारम सिलबन्दी गरी छुट्टा-छुटै योजनाको सम्वन्धित उपभोक्ता समितिको नाम, ठेगाना र निर्माण सामग्रीहरु, पाइप तथा फिटीङ्गस् सप्लाई सम्बन्धी दरभाउपत्र भन्ने ब्यहोरा लेख्नु पर्नेछ ।

३. सिलवन्धी दरभाउ पत्र पेश गर्दा सप्लायरको आधिकारिक प्रतिनिधि आफै उपस्थित भई वा हुलाक वा कुरियर मार्फत समेत पेश गर्न सक्नेछ । हुलाक वा कुरियर मार्फत पठाएको सिलवन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले १६औं (सोह्रौं) दिनको १२.०० बजे भित्र प्राप्त भईसक्नु पर्नेछ ।

४. सप्लाई हुने सामग्रीहरुको भुक्तानी गाउँपालकिले दार्चुला जिल्लाको सेलविसामा रहेको गाउँपालिकाको गोदाममा ढुवानी भै चेकजाँच भएपछि मात्र गर्ने छ । तसर्थ दरभाउपत्र पेश गर्दा जमानत आवश्यक पर्नेछैन ।

५. उपरोक्त अनुसार प्राप्त भएका दरभाउपत्रहरु संलन गरी सूचना प्रकाशित भएको मितिले १९ औं दिनको दिउसो १२:०० बजे अपिहिमाल गाउँपालिका वा गा.पा. ले १७ औ दिनको १२ वजे सुचित गरिएको कार्यालयमा कार्यालयका प्रतिनिधिहरु अपिहिमाल गाउँपालिका खरदि समिति र दरभाउपत्र दाताहरु वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ। दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पुग्नेछैन।

६. दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने तथा खोल्ने अन्तिम दिनमा सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन बिक्रि गरिने, दर्ता गरिने वा खोलिनेछ।

७. म्याद नाघी वा रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन।

८. अन्य शर्तहरु प्रचलित सार्वजनिक खरिद ऐन/नियमावली वमोजिम हुनेछ। थप शर्तहरु दरभाउपत्र साथै संलग्न गरिएको छ।

९. यो सूचनामा केहि सँसोधन गर्नु परेमा सोको सूचना अपिहिमाल गाउँपालिकाको कार्यालय खण्डेश्वरी दार्चुलाको सूचना पाटीमा टाँस गरिनेछ।

१०. अन्य थप जानकारी चाहिएमा सम्पर्क नं. ९८६४६१४५६९ र ९८४४६९४२०० मा अर्थात अपिहिमाल गाउँपालिकाको कार्यालय खण्डेश्वरी बाट प्राप्त गर्न सकिने छ।

नि.प्रमुख प्रशासकीय अधिकृत